# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


## प्रेस-विज्ञप्ति

३१ साउन, २०८०

### डेङ्गु रोग नियन्त्रणमा संवेदनशील बन
### नागरिकको स्वास्थ्यको अधिकार सुनिश्चित गर ।

देशव्यापी रुपमा फैलिँदै गइरहेको डेङ्गु रोगका कारण नागरिकको स्वास्थ्य र जीवनको अधिकारमा पर्न गएको असरप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

गत पुसदेखि असार मसान्तसम्म सङ्क्रमितहरुको सङ्ख्या स्थिर रहेकोमा पछिल्लो एक महिनामा यो सङ्ख्या बढेर बाह्र हजार नाघिसकेको एवम् यस अवधिमा डेङ्गु रोगबाट आठ जनाको ज्यानसमेत गएको तथ्याङ्क सार्वजनिक भएको छ । पछिल्लो एक महिनामा बिरामीहरुको सङ्ख्या तीव्ररुपमा बढिरहेको अवस्थामा रोगको नियन्त्रण तथा रोकथामका लागि जिम्मेवार निकायहरू संवेदनशील हुन नसक्दा नागरिकको जीवन नै जोखिममा पर्न गएको, तीन तहका सरकार बिच प्रभावकारी समन्वयमार्फत डेङ्गु फैलाउने लामखुट्टेको लार्भा 'खोज र नष्ट' गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने कार्यमा सरकारको ध्यान जान नसकेको जस्ता विषयहरू सञ्चार माध्यममा आउनुका साथै अन्य विभिन्न माध्यमबाट आयोगलाई जानकारीहरू प्राप्त भएका छन् ।

मानव अधिकारको विश्वव्यापी घोषणा पत्र एवम् नेपालको संविधानले व्यक्तिको स्वास्थ्य सम्बन्धी हकको व्यवस्था गरेको छ । जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा (१६) मा प्रत्येक स्वास्थ्य संस्थाले कुनै पनि रोगको सङ्क्रमण नहुने र रोक्नेतर्फ आवश्यक सुरक्षात्मक उपायको अवलम्बन गर्नुपर्ने उल्लेख गरिएको छ । त्यस्तै, नेपाल पक्षराष्ट्र भएको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ को धारा १२ (ग) मा राज्यले प्रकोप, महामारी, पेशागत तथा अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण गर्नुपर्ने उल्लेख गरिएको छ । उल्लेखित कानूनी व्यवस्थाले नागरिकको स्वास्थ्यसम्बन्धी हकको सुनिश्चित गरेको छ । यसर्थ, यी हकहरुको संरक्षण गर्नु राज्यको दायित्व हुन्छ ।

अतः डेङ्गु सङ्क्रमणले महामारीको रुप लिनसक्नेतर्फ सचेत रहँदै नागरिकको स्वास्थ्यसम्बन्धी हकको संरक्षण गर्न एवम् जीवनको अधिकार सुनिश्चित गर्न, डेङ्गु फैलाउने लामखुट्टेको लार्भा खोज्ने र नष्ट गर्ने अभियानमा पर्याप्त जनशक्ति परिचालन गर्ने कार्यमा तीनै तहका सरकार बिच प्रभावकारी समन्वय र सहकार्य हुन तथा डेङ्गु नियन्त्रण र रोकथामका लागि सरसफाई, जनचेतनालगायतका कार्यहरूलाई प्राथमिकताका साथ अगाडि बढाउन आयोग संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org